दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.:

ईमेल: ito.dangisharanmun@gmail.com

मिति :२०७७/११/१८

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना

उपरोक्त सम्बन्धमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारीको हक सम्बन्धी ऐन, २०७५ दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७) को दफा १८ बमोजिम आगामी आ.व. ०७८/७९ मा यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुन ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७७ साल फाल्गुन मसान्त सम्म आफूले स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन तपसिलको कागजात सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:**

- एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको
- एक आर्थिक वर्षमा रोजगारमा संलग्न भई न्यूनतम एक सय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको
- १८ देखि ५९ बर्ष उमेर समूहको
- पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको

**आवश्यक कागजात:**

- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एक थान
- हालसालै खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो
- बसाईसराई प्रमाणपत्रको प्रतिलिपी (नागरिकता जारी जिल्ला फरक भएमा)
- निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भए सो पुष्टी गर्ने प्रमाण पत्र ।

आवेदन फारम वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ ।साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** बाट पनि प्राप्त गर्न सकिने छ ।

**नोट:** *प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ (संशोधित) बमोजिमको निवेदनमा उल्लेखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यको नाम, नाता, नागरिकता नं., जारी जिल्ला तथा अन्य विवरण समेत) पूर्ण रुपमा अनिवार्य भर्नुपर्नेछ । विवरण पूर्ण नभएको खण्डमा निवेदन फारम वडा कार्यालयमा दर्ता नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।*

चन्द्रकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत